# फार्माकोजेनेटिक्स परीक्षण (औषधिहरूका लागि गरिने जीन परीक्षण)

यो कागजातमा, "तपाईं" र "तपाईंको" भन्नाले वयस्क बिरामी वा बच्चा बिरामीका आमाबुवा वा कानुनी आमाबुवाहरू भनेर बुझ्न सकिन्छ।

## जीनहरू भनेका के हुन्?

जीनहरू हाम्रा आमाबुवाबाट प्राप्त हुने DNA का अंशहरू हुन्। जीनहरू हाम्रो शरीरलाई देखिए जस्तै र गर्ने जस्तै गरी बनाउन र काम गर्न निर्देशन दिन्छन्।

## औषधिसँग जीनको के सम्बन्ध रहेको छ?

केही जीनहरूले शरीरमा औषधिहरूले काम गर्ने तरिकालाई असर गर्छन्। मान्छेहरूको समूहको तुलना गर्दा प्रत्येक जीनको संरचनामा थोरै भिन्नता हुन सक्छ। यी भिन्नताहरूले मानिसहरूले औषधिप्रति कस्तो प्रतिक्रिया जनाउँछन् भन्ने कुरालाई असर गर्न सक्छ।

- जीनमा हुने केही भिन्नताहरूले शरीरलाई केही औषधिहरूबाट छुटकारा पाउन अझ गाह्रो बनाउन सक्छ। यसको मतलब औषधिको सामान्य डोजले केही मान्छेहरूलाई अप्रत्याशित साइड इफेक्टहरू निम्त्याउन सक्छ भन्ने हुन सक्छ।
- जीनमा हुने केही भिन्नताहरूले शरीरलाई धेरै छिटो औषधि प्रयोग गर्न बाध्य पार्न सक्छ। यसको मतलब सामान्य डोजले पनि काम नगर्ने हुन सक्छ। यी व्यक्तिलाई औषधिको उच्च डोज आवश्यक पर्न सक्छ।
- जीनमा हुने केही भिन्नताहरूले निश्चित औषधिहरूलाई शरीरमा काम गर्न दिँदैनन्। यसको मतलब फरक औषधिले अझ राम्रो काम गर्न सक्छ।

## यो जीन परीक्षणलाई के भनिन्छ?

तपाईंलाई गर्न खोजिएको जीन परीक्षणलाई फार्माकोजेनेटिक परीक्षण भनिन्छ। तपाईं यसलाई PGx परीक्षण पनि भन्न सक्नुहुन्छ।

## के PGx परीक्षण आवश्यक पर्छ?

PGx का धेरैजसो परीक्षणहरू ऐच्छिक हुन्छन्। निश्चित क्यान्सर वा सङ्क्रामक रोग भएका मान्छेहरूका लागि डिजाइन गरिएका केही नयाँ औषधिहरू छन्। औषधिले काम गर्छ कि गर्दैन भनेर जान्न ट्युमर वा व्यक्तिको रगतको PGx परीक्षण गर्नु पर्ने हुन सक्छ। धेरैजसो अवस्थामा PGx परीक्षणविना नै औषधिको स्तरीय डोज दिएर उपचार गर्न सकिन्छ। तपाईंका डाक्टरले तपाईंलाई PGx परीक्षण गर्न किन सिफारिस गरिरहेको छ भनेर बुझ्न नबिर्सनुहोला।

## तपाईं किन PGx परीक्षण चाहन सक्नुहुन्छ?

तपाईंलाई औषधि खान दिनुअघि वा दिएपछि PGx परीक्षण गर्न सकिन्छ।

**औषधि खान दिनुअघि:**

PGx परीक्षणले तपाईंका डाक्टरलाई तपाईंको लागि सबैभन्दा धेरै काम गर्ने औषधि र डोज छनौट गर्न सघाउन सक्छ।

**औषधि खान दिएपछि:**

PGx परीक्षणले डाक्टरलाई तपाईंलाई औषधिमा किन समस्या भइरहेको छ भनेर बुझ्न सघाउन सक्छ। फरक मात्रा वा फरक औषधि प्रयोग गर्नुपरेमा यो परीक्षणले तपाईंका डाक्टरलाई पनि सघाउन सक्छ।

## PGx परीक्षणबाट हुन सक्ने फाइदाहरू के के हुन्?

- यो परीक्षणले औषधिले तपाईंलाई उद्देश्यअनुसार मद्दत गर्ने सम्भावना बढाउन सक्छ।
- यो परीक्षणले औषधिबाट हुने गम्भीर साइड इफेक्टको सम्भावना घटाउन सक्छ।
- तपाईंलाई औषधि दिन गरिने PGx परीक्षण जीवनकालमा एक पटक मात्र गर्नु पर्ने हुन सक्छ।
- आज परीक्षण गरिएको जीन(हरू) भविष्यमा तपाईंलाई आवश्यक पर्ने औषधिहरूका लागि महत्त्वपूर्ण हुन सक्छ।

## PGx परीक्षणका केही सीमाहरू के के हुन्?

- यो परीक्षणले जीनका सामान्य भिन्नताहरू मात्र हेर्छ। यसको मतलब परीक्षणले जीनको कुनै पनि सामान्य भिन्नता फेला पारेन भने तपाईंसँग अझै पनि जीनका एक वा बढी विरलै हुने भिन्नताहरू हुन सक्छन्। यो परीक्षणले तपाईंलाई औषधिबाट हुने प्रतिक्रियालाई असर गर्ने जीनका विरलै हुने भिन्नताहरू पत्ता लगाउने छैन।
- तपाईंलाई औषधिले गराउने प्रतिक्रियालाई असर गर्ने धेरै कारकहरूमध्ये जीनको भिन्नता एउटा मात्र कारक हो। अन्य कारकहरूका केही उदाहरणहरू उमेर, तौल, अन्य औषधि र रोगहरू हुन्। तपाईंका डाक्टरले PGx परीक्षणको नतिजासँगै यी कारकहरूलाई पनि ध्यान दिनु पर्ने हुन्छ।

## PGx परीक्षण गर्न के चाहिन्छ?

PGx परीक्षण गर्न तपाईंको लगभग आधा (½) चम्चा रगत चाहिन्छ। तपाईंको गालाको भित्री भाग वा र्‍यालबाट निस्केको थुकबाट पनि यो परीक्षण गर्न सम्भव छ। गालाको स्क्रयापिङ निकाल्न विशेष ब्रस चाहिने हुन्छ। र्‍याल निकाल्न विशेष स्पन्ज चाहिने हुन्छ।

## PGx परीक्षणका बारेमा मैले थाहा पाउनु पर्ने अरू केही छ?

भविष्यमा जीनका यी सामान्य भिन्नताहरूमध्ये केही अन्य चिकित्सा अवस्थाहरूसँग सम्बन्धित हुन सक्छन्। परीक्षणका नतिजाहरू परिवारका अन्य सदस्यहरूका लागि महत्त्वपूर्ण हुन सक्छ। सहोदर दाजुभाइ, दिदीबहिनी र आमाबुवामा एउटै परीक्षण गरिएका जीनहरूमध्ये एक वा बढी उस्तै हुन सक्छन्।

## PGx परीक्षण गर्न कति रकम लाग्छ?

PGx परीक्षण गर्न लाग्ने रकम धेरै कारकहरूमा निर्भर गर्छ। बीमा कम्पनीहरूले सामान्यतया चिकित्सा व्यवस्थापनलाई मार्गदर्शन गर्न प्रयोग गरिने जेनेटिक परीक्षणमा लाग्ने रकम बेहोर्छन्। बीमा कम्पनीहरूले आफ्नो छुट्टाछुट्टै बीमा योजनाहरू हुन्छन्। PGx परीक्षणमा लाग्ने रकम उनीहरूले बेहोर्ने छन् कि छैनन् भनेर सीधै सोध्नुहोस्।

## परीक्षणका नतिजाहरू प्राप्त गर्न कति समय लाग्छ?

रगत, गालाभित्रको बिच भाग वा र्‍यालबाट लिइएको हो कि होइन भन्ने आधारमा परीक्षणका नतिजाहरू आउन 2 देखि 4 कार्य दिन लाग्ने छ।

## परीक्षणका नतिजाहरूका बारेमा म कसरी थाहा पाउँछु?

परीक्षणका नतिजाहरू तपाईंको मेडिकल रेकर्डमा देखिने छन्। प्रयोगशालाबाट नतिजा प्राप्त भएपछि डाक्टर वा नर्सले तपाईंसँग परीक्षणका नतिजाहरूको बारेमा छलफल गर्ने छन्। नतिजाले तपाईंको परीक्षणका नतिजाहरूका आधारमा तपाईंका डाक्टरले तपाईंको औषधि कसरी समायोजन गर्न सक्छन् भनेर वर्णन गर्ने छ।

## जीनको नतिजा मेडिकल रेकर्डमा राखिने छ?

हो। सिनसिनाटी चिल्ड्रेन (Cincinnati Children's) ले चिकित्सा जानकारी सुरक्षित राख्न HIPAA निर्देशिकाहरू कडाइका साथ पालना गर्छ।

## मेरो नमुनालाई के हुने छ?

भविष्यमा परीक्षण गर्नु परेमा नमुनाबाट तपाईंको DNA दुई वर्षसम्म भण्डारण गर्न सकिन्छ। तपाईंले अनुसन्धान अध्ययनका लागि अनुमति नदिएसम्म तपाईंको नमुना वा DNA अनुसन्धान उद्देश्यका लागि प्रयोग गरिने छैन।

यस परीक्षणका बारेमा कुनै पनि थप प्रश्नहरूका लागि कृपया GPSconsult@cchmc.org मा इमेल गर्नुहोस्।



KN-2148 05/25 ©2018 Cincinnati Children's